नेपाल राष्ट्र बैंक

विराटनगर कार्यालय

होटल, ट्राभल एजेन्सी, टुर्स, ट्रेकिंग एजेन्सी, कार्गो कम्पनी, एयरलाइन्स र अन्य संघसंस्थाहरुका लागि प्रदान गरिएको

# विदेशी विनिमय कारोवार इजाजतपत्र

इ.प.नं.: ने.रा.बैंक/विरा/संस्था/०१/०८०/०८१

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम श्री मकालु अरुण सोसियल ट्रेक लाई देहायमा उल्लेखित शर्तहरूको अधिनमा रही देहाय बमोजिमको विदेशी विनिमय स्वीकार गर्न यो इजाजतपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| १. कारोबार गर्ने इजाजत | : | आफ्नो व्यवसायको सिलसिलामा विदेशी मुद्रा स्वीकार मात्र गर्ने |
| २. सटही कारोबार गर्ने स्थान | : | श्री मकालु अरुण सोसियल ट्रेक, खाँदबारी –७ संखुवासभा |
| ३. इजाजतपत्रको अवधि | : | २०८३ साल मंसिर ९ सम्म । |
| ४. कारोवार गर्न स्वीकृत प्राप्त बैंक | : | नबिल बैंक लि., शाखा कार्यालय खाँदबारी । |

शर्तहरु:

१. व्यवसायको सिलसिलामा बुझी लिएको विदेशी मुद्रा नियमानुसार आफ्नो नगदी कितावमा आम्दानी जनाई अर्को कार्यदिनभित्र बैंकमा दाखिला गर्नुपर्नेछ र सो सम्वन्धी कागजात मासिक रुपमा विदेशी विनिमय व्यवस्थापन विभागमा पेश गर्नुपर्नेछ ।

२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेका नियम, विनियम, राष्ट्र बैंकद्वारा जारी परिपत्र, आदेश एवम् निर्देशन तथा सम्पत्ति शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धी व्यवस्थाहरुको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

३. कारोवारको निरन्तरता, आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको परिमाण, नीति निर्देशनको परिपालनाको स्थितिलाई दृष्टिगत गरेर मात्र अर्को अवधिको लागि इजाजतपत्र नविकरण गर्ने कारवाही चलाइनेछ ।

४. यो इजाजतपत्र आफ्नो व्यवसाय सञ्चालन गर्ने ठाउँमा सबैले देख्ने गरी राख्नुपर्नेछ ।

५. जुन स्थानको लागि विदेशी मुद्रा कारोवार गर्न इजाजतपत्र दिइएको हो सोही स्थानको लागि मात्र यो इजाजतपत्र उपयोग गर्न पाइनेछ ।

६. यो इजाजतपत्रको म्याद समाप्त भएको मितिले ३० दिनसम्मका लागि मात्र विदेशी मुद्रा खाता सञ्चालन गर्न सकिनेछ ।

७. कारोवार गर्ने विदेशी मुद्राको विनिमय दर सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

८. यो इजाजतपत्रको नवीकरण २०८३ साल मंसिर ९ गतेभित्र गरिसक्नु पर्नेछ ।

९. यो इजाजतपत्र अन्य कसैलाई हस्तान्तरण गर्न पाइने छैन ।

१०. पर्यटन कार्यालय, काकरभिट्टाको इजाजतपत्रको अवधि २०८२/०८/०९ सम्म रहेको हुदाँ म्याद समाप्त हुनु अगावै नवीकरण गरी पेश गरिसक्नु पर्नेछ ।

नेपाल राष्ट्र बैंकको तर्फबाट,

विराटनगर, मोरङ्ग ।
मिति: २०८०/०८/२४

(अंगदिप न्यौपाने)
सहायक निर्देशक

२०८०/०८/२४
(मनोज गुरुङ्ग)
उप-निर्देशक